नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय
युवा तथा साना व्यवसायी स्वरोजगार कोषको
सहकार्यमा आधारित साझेदारी कार्यक्रम सञ्चालनका लागि प्रदेश सरकार र
गाउँपालिका/नगरपालिकाहरूलाई जरूरी सूचना

मिति :२०८३/०१/०२

वेरोजगार युवाहरुलाई स्वरोजगार बनाउने युवा स्वरोजगार कोषको उद्देश्यसँग प्रदेश सरकार र स्थानीय तहको समेत समान उद्देश्य रहेको हुँदा सो उद्देश्य पुरा गर्नको लागि स्थानीय तह र स्वरोजगार कोष बिच साझेदारी गर्न सकिने गरी कोषले "**सहकार्यमा आधारित साझेदारी कर्जा लगानी कार्यक्रम**" सञ्चालनमा ल्याएको हुँदा इच्छुक सबै स्थानीय तहको लागि यो सूचना प्रकाशित गरिएको छ। शुरुमा सम्पर्क गर्ने स्थानीय तहलाई प्राथमिकता दिईनेछ। स्थानीय तहसँग सम्झौता पश्चात् बैंक, वित्तीय संस्था तथा सहकारी संस्था छनौट गरी कर्जा प्रक्रिया अगाडि बढाइने छ।

थप जानकारीका लागिः
कोषको वेबसाईटः www.ysef.gov.np, सम्पर्क नं. ०१–४१०२७८२, ०१–४१०२७८८

# युवा तथा साना व्यवसायी स्वरोजगार कोष
# सहकार्यमा आधारित साझेदारी कर्जा लगानी कार्यक्रम

## १. परिचय

उघमी बन्नको लागी थोरै रकम समेत जुटाउन नसक्ने, धितो नभएको कारण बैक, बित्तीय संस्थाबाट कर्जा नपाउने युवाहरुलाई विनाधितो सुलभ कर्जा प्रदान, व्यवसाय र व्यवसायीको निशुल्क बीमा, व्यवसायिक तालिम र नियमित रकम तिर्ने उघमीलाई ६०% ब्याज रकम फिर्ता गर्ने जस्ता धेरै सेवाहरु एउटै निकायबाट लक्षित युवा वर्गले प्राप्त गर्न सकुन भनेर युवा तथा साना व्यवसायी स्वरोजगार कोष स्थापना गरिएको हो ।

स्थानीय श्रोत साधनको समुचित प्रयोग हुने गरी मुलुकमा उपलब्ध जनशक्तिद्वारा स्वरोजगार मूलक व्यवसायिक परियोजना सञ्चालन गर्नका लागि स्थानीयतहसँग सहकार्यमा आधारित साझेदारी कर्जा लगानी कार्यक्रम मार्फत सुलभ र सुरक्षित व्यवसायिक कर्जा उपलब्ध गराई उद्यमशिलताको विकास मार्फत मुलुकभित्र स्वरोजगारका अवसर सिर्जना गर्न नेपाल सरकार, युवा स्वरोजगार कोषले सहकार्यमा आधारित साझेदारी कर्जा लगानी कार्यक्रम घोषणा गरी सञ्चालनमा ल्याएको हो । संघ, प्रदेश, स्थानीय निकायहरु र समान उदेश्य बोकेका स्वरोजगार तथा रोजगारसँग जोडिएका संस्थाहरुसँग कोषले साझेदारी गरी बैंक, वित्तीय संस्था र सहकारी संस्था मार्फत कर्जा लगानी गर्न सकिनेछ । स्थानीय सरकारबाट प्राप्त रकम सोही स्थानीय निकायमा स्वरोजगार सृजना गर्न प्रयोगमा ल्याईनेछ । १८ वर्ष पूरा भई ६० वर्षसम्मका नेपाली नागरिकहरु यस कार्यक्रममा सहभागी हुन सक्नेछन् ।

## २. मूल उद्देश्य

प्रदेश, स्थानीय तह गाउँपालिका, नगरपालिकामा रहेका आर्थिक रुपले विपन्न महिला, दलित, आदिवासी जनजाति, मधेसी, थारु, सीमान्तकृत, लोपोन्मुख, अल्पसंख्यक, मुस्लिम, अपाङ्गता भएका व्यक्ति, द्वन्द्व पीडित तथा पिछडिएको क्षेत्रका व्यक्ति वा समुदाय, गरीब किसान, मजदुर, सकुम्बासी वा साना व्यवसायी एवं युवाहरु तथा परम्परागत सीप भएका जात जातिहरुलाई व्यवसायिक खेती, कृषिजन्य उद्योग वा सेवामुलक स्वरोजगार कार्यकम संचालन गर्न सहुलियत ब्याज दरमा आवधिक ऋण उपलब्ध गराई तिनीहरुको आय आर्जनमा बृद्धि गरी जीविकोपार्जनलाई सहज बनाउनु मूख्य उद्देश्य रहको छ ।

## ३. साझेदारी गर्ने प्रक्रिया

- सहकार्यमा आधारित साझेदारी कार्यक्रम कोष र प्रदेश तथा स्थानीय तह अन्तर्गतका नगरपालिका, गाउँपालिकाहरुसँगको सँयुक्त लगानीमा सञ्चालन हुनेछ । साझेदार संस्था र कोषले पचास प्रतिशत/पचास प्रतिशत रकम कोषले तोकेको बैंक खातामा जम्मा गरी साझेदारीबाट प्राप्त रकम सम्झौता अनुसार सम्बन्धित प्रदेश, नगरपालिका, गाउँपालिकामा स्वरोजगार सृजना गर्न कर्जा लगानी गरिनेछ ।
- स्वरोजगार तथा रोजगार सृजना गर्नका लागि प्रदेश, नगरपालिका, गाउँपालिकाको कर्जा लगानीमा योगदान रहनेछ । साझेदारी मार्फत प्राप्त रकममा कोषले व्याज उपलब्ध गराउने छैन ।

०८३/०१/०२

## ६. ब्याजको दर र अनुदान

- कोषले प्रदेश, गाउँपालिका र नगरपालिका मार्फत प्राप्त गरेको कर्जा स्वरोजगार कार्यक्रममा बैंक, वित्तीय संस्था तथा सहकारीहरुलाई वार्षिक ५.५ प्रतिशत ब्याज दरमा लगानी गर्नेछ।
- बैंक, वित्तीय संस्था तथा सहकारी संस्थाहरुले बेरोजगार युवाहरुलाई वार्षिक ८% भन्दा नबढ्ने गरी लगानी गर्नेछन्।
- संस्था र कर्जाग्राहीको बीच भएको सम्झौता अनुसार कर्जाग्राहीले किस्ता चुक्ता गरेपछि ब्याजको ६० प्रतिशतले हुन आउने रकम कोषले सम्बन्धित ऋणीलाई अनुदान स्वरुप फिर्ता दिइनेछ।

## ७. बीमा

युवा स्वरोजगार कर्जा लिएका व्यवसायीहरुको जीवन बीमा तथा परियोजनाको एकमुष्ठ बीमा हुनेछ। बीमा गर्दा लाग्ने प्रिमियम वापतको खर्च कोषले भुक्तानी गर्नेछ। बीमा गर्दा कोषले उपलब्ध गराएको बीमा प्रस्ताव फाराम तथा Online फाराम पूर्ण रुपमा भर्नु पर्नेछ। बीमा भएको व्यवसायीको बीमा अवधिमा मृत्यु भएमा तथा परियोजना क्षती भएमा बीमा कम्पनीले नियमानुसार क्षतिपुर्ति उपलब्ध गराउने छ। जसका लागि घटना घटेपछि समयमै बीमा कम्पनीमा लिखित जानकारी गराई आवश्यक कागजातहरु पेश गर्नु पर्नेछ।

## ८. ऋण दुरुपयोग गर्नेलाई कारवाही

जुन उद्देश्य र प्रयोजनको लागि ऋण लिएको हो, सो वमोजिम कार्य नगरी ऋण दुरुपयोग गरेमा वा समयमा कर्जाको साँवा, ब्याज भुक्तानी नगरेमा कोष सञ्चालन नियमावली तथा प्रचलित कानुन वमोजिम ऋणीबाट साँवा, ब्याज असुल गरिनेछ। कर्जा नतिर्ने वित्तीय संस्था, सहकारीका पदाधिकारी, सदस्यहरु तथा कर्जाग्राहीहरुको चल/अचल सम्पति रोक्का गर्ने, बैंक खाता रोक्का गर्ने, राहदानी नदिने, कालो सूचिमा राख्ने, निर्वाचनमा उम्मेदवार बन्न नपाउने लगायत संघ, प्रदेश र स्थानीय सरकारले उपलब्ध गराउने सम्पूर्ण सेवाबाट वञ्चित गर्ने जस्ता कारवाही गरिनेछ। असुली कार्यमा सहयोग गर्नु स्थानीय तहको समेत दायित्व हुनेछ।

## ९. बजार व्यवस्था

उत्पादित वस्तुहरु स्थानीय स्तरमै खपत हुन सकुन भन्ने अभिप्रायले स्थानीय बजारमा खपत हुने वस्तुहरु उत्पादन तथा बजारीकरणमा लगानी गर्न प्रोत्साहन गरिनेछ। प्रदेश तथा स्थानीय तहबाट बजार व्यवस्थापनमा सहयोग हुन सक्नेछ।

## १०. कर्जा असूली उप–समिति

कोषको कार्यक्रम स्थानीयस्तरमा प्रभावकारी ढंगले सन्चालन गर्न, असूली कार्यमा रहयोग पुरयाउन ७७ वटै जिल्लामा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा कर्जा असूली उप-समिति रहने व्यवस्था छ। सो उप-समितिको सदस्य सचिवमा कोषको जिल्लास्थित सहजकर्ता रहने व्यवस्था छ।

०८२/०१/०२

नेपाल सरकार

युवा तथा खेलकुद मन्त्रालय

युवा तथा साना व्यवसायी स्वरोजगार कोष र

............................म.न.पा./उ.म.न.पा./न.पा./गा. पा. वीच भएको सम्झौता

(सहकार्यमा आधारित साझेदारी कार्यक्रम)

युवा तथा साना व्यवसायी स्वरोजगार कोष (सञ्चालन) नियमावली, २०७७ बमोजिम सञ्चालित युवा तथा साना व्यवसायी स्वरोजगार कोष (यस पछि प्रथम पक्ष भनिएको) का तर्फबाट अख्तियार प्राप्त कार्यकारी निर्देशक/शाखा प्रमुख श्री.........................................................................................................र ...........................................................................प्रदेश.........................................................जिल्ला ...............................................म.न.पा./उ.म.न.पा./न.पा./गा.पा.(यस पछि द्वितीय पक्ष भनिएको) का तर्फबाट अख्तियार प्राप्त प्रमुख प्रशासकीय अधिकृत श्री .................................................बीच कोषको कर्जा लगानी तथा असूली कार्यविधि, २०७७ अन्तर्गत सहकार्यमा आधारित साझेदारी कार्यक्रम सञ्चालन गर्न तपसिलका शर्तहरुका अधिनमा रही दुबै पक्ष एकआपसमा राजीखुसी भई तपसिलका साक्षीहरुको रोहवरमा स्थानीय तहको ठेगानामा बसि यो सम्झौता पत्रमा हस्ताक्षर गरी एक एक प्रति लियौं दियौं ।

तपसिल

(१) सहकार्यमा आधारित साझेदारी कार्यक्रम प्रथम र द्वितीय पक्षको सँयुक्त लगानीमा सञ्चालन हुनेछ ।

(२) सहकार्यमा आधारित साझेदारी स्वरोजगार कार्यक्रम सञ्चालन गर्न विपन्न वर्ग अर्न्तगतको कर्जाले स्वरोजगार तथा रोजगारी सिर्जना गर्नका लागि द्वितीय पक्षले बिना व्याजमा पाँच वर्षका लागि रु. ........./- (अक्षेरेपी ............मात्र) प्रथम पक्षको KA 2.10 :YUWA TATHA SANA BAYBASAYI SWOROJGAR KOSH को राष्ट्रिय वाणिज्य बैंक लि., शाखा कार्यालय टेकु, काठमाडौंमा रहेको खाता नं. १७००१००१०२१००००२ मा यो सम्झौता भएको मितिले ७ दिन भित्रमा जम्मा गर्नु पर्नेछ । द्वितीय पक्षले जम्मा गरेको रकममा सो बराबरको रकम प्रथम पक्षले थप गरी वित्तीय संस्था तथा सहकारी संस्था मार्फत सम्बन्धित पालिकाका लक्षित समुदायका व्यक्तिलाई कर्जा लगानी गर्नेछ ।

(३) बुदाँ नं. २ अनुसार दोश्रो पक्षले प्रथम पक्षको खातामा रकम जम्मा गरेको मितिले ५ वर्षपछि मात्र प्रथम पक्षले दोश्रो पक्षको......................................बैंक लि. ................ मा रहेको खाता नं...............................................मा फिर्ता गर्नु पर्नेछ । दुबै पक्षले सम्झौता नविकरण गर्न चाहेमा पुनः ५ वर्षका लागि नविकरण गर्न सकिनेछ ।

(४) प्रथम पक्षले व्यवसायीलाई कर्जा लगानी गर्न स्थानीय तहको बैंक, वित्तीय संस्था तथा सहकारी संस्थालाई कर्जा प्रस्तावका लागि सूचना प्रकाशन गर्न सक्नेछ । सूचना प्रकाशन गर्दा द्वितीय पक्षका क्षेत्रमा पर्ने बैंक, वित्तीय संस्था तथा सहकारी संस्थालाई प्राथमिकता दिन सकिनेछ ।

(५) प्रथम पक्ष/द्वितीय पक्षवाट संयुक्त वा छुट्टाछुट्टै रुपमा स्थलगत अनुगमन गरी कोषको मापदण्ड पुरा भएका बैंक, वित्तीय संस्था तथा सहकारी संस्थालाई छनौट गरी बैंक, वित्तीय संस्थाहरुलाई बढीमा रु.५ करोड सम्म र सहकारी संस्थाहरुलाई बढीमा रु.१ करोड सम्म थोक कर्जा स्वीकृत गर्न सक्नेछ ।

(६) प्रथम पक्षले कर्जा स्वीकृत भएका बैंक, वित्तीय संस्था तथा सहकारी संस्थालाई ५० प्रतिशतका दरले दुई किस्तामा लगानी गर्न सक्नेछ ।

(७) प्रथम किस्ता वापतको कर्जा रकम सदुपयोगिता भएको अवस्थामा मात्र प्रथम पक्षले दोस्रो किस्ता वापतको ५० प्रतिशत रकम बैंक, वित्तीय संस्था तथा सहकारी संस्थालाई निकासा गर्नेछ ।

लगानी गरेका ऋणीहरु र तिनीहरुले सञ्चालन गरेका परियोजनाहरुको समेत स्थलगत अनुगमन संयुक्त वा छुट्टाछुट्टै रुपमा गर्न सकिनेछ ।

(१८) कर्जाको दुरुपयोग गरेको पाइएमा वा कोषको उदेश्य अनुसार लगानी नगरेको पाईएमा कोषको खातामा जम्मा गर्न लगाउनु पर्ने दुबै पक्षको कर्तव्य हुनेछ । कर्जा असुली गर्ने दायित्व कर्जा लगानी गर्ने बैंक, वित्तीय संस्था तथा सहकारी संस्थाको हुनेछ । कर्जा असुली सम्बन्धमा बैंक, वित्तीय तथा सहकारी संस्थाले आवश्यक सहयोगका लागि दुबै पक्षसँग माग गर्न सक्नेछ ।

(१९) कोष सञ्चालक समितिबाट भएका निर्णयहरु यस सम्झौताका अभिन्न अङ्ग मानिनेछ ।

(२०) दुवै पक्षको आपसी सहमतिमा यस सम्झौतामा उल्लेखित शर्तहरु संशोधन, फेरवदल वा थपघट गर्न सकिनेछ ।

(२१) यस सम्झौता कार्यान्वयन गर्दा सम्बन्धित पक्षहरुबीच कुनै विवाद भएमा आपसी सहमतीबाट विवादको समाधान गरिनेछ । आपसी सहमती अनुसार विवादको सहमती हुन नसकेमा प्रचलित कानून बमोजिम हुनेछ ।

युवा तथा साना व्यवसायी स्वरोजगार कोषको तर्फबाट

नम : ............................................................ छाप :

पद : कार्यकारी निर्देशक/शाखा प्रमुख

हस्ताक्षर :.......................

साक्षी

१. नाम : ........................................ पद : ............................ हस्ताक्षर ......................

२. नाम : ........................................ पद : ..............................हस्ताक्षर.......................

.......................................................म.न.पा./उ.म.न.पा./न.पा./गा.पा.को तर्फबाट

नाम : ............................................................................ छाप :

पद : प्रमुख प्रशासकीय अधिकृत

हस्ताक्षर :......................

साक्षी

१. नाम : ........................................ पद : ............................हस्ताक्षर:..............................

२. नाम : ........................................ पद : ........................ ...हस्ताक्षर:..............................

ईति सम्वत्..................साल................महिना...............गते............रोज शुभम् ।